Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- १० २०८१ साल असोज १५ गते मंगलबार (OCT 24, 2024) www.janaakash.com.np

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८१ को अवसरमा सम्पुर्ण देश–विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना।



दिव्य ध्वज कार्की
केन्द्रिय अध्यक्ष
सुतार कार्की सेवा समिति (परिवार)

# भीषण बर्षाले लियो सयौको ज्यान, देश शोकमा डुब्यो

■ मोहन कार्की

अहि असोज १२ गते देशभरी आएको बाढीले सयौको संख्यामा मानिसहरुको ज्यान लिएको छ । गृह मन्त्रालयका अनुसार १०० भन्दा बढी मानिसहरुको बाढीले बगाएर कोही डुवेर कोहि पैरोमा पुरिएर मृत्यु पुष्टि भईसकेका छन् । १०१ जना धाईते अवस्थामा रहेका छन् । भने ९ हजारभन्दा बढीलाई उद्धार गरिएको छ । अरबौको धन सम्पति बाढीले बगाएको छ । कतै पैरोले पुरेको छ । कयौ अझै बेपत्ता छन् । कतिपय ठाउँवाट अझै हराइएका र पुरिएका मृत्यु भएको संख्या बढ्न सक्ने गृह प्रशासनले बताईरहेको छ । उद्धार, राहत, फसेकाहरुको व्यवस्थापन जारी छ ।

बाढीका कारण फसेकाको उद्धार भईरहेको छ । मृतकहरुको पहिचान गरेर आफन्तलाई बुझाउने काम भइरहेको छ । बेपत्ताहरुको खोजी कार्य जारी रहेको छ ।

देश पुरै शोकमा डुबेको छ । पुर्व- पश्चिम, उत्तर-दक्षिण सवै राजमार्गहरुमा कतै पुल बगाएको कतै पैरो आएर बाटो पुरेको कतै सडक नै बगाएको हुनाले देशको सडक सञ्जाल क्षत विक्षत भएको छ । कतिपय ठाउमा विद्युत गृह पैरोले पुरेको छ । कतिपय ठाउँमा टेलिफोनका टावर लडेकाछन् ।



ईन्टरनेट, टेलिफोन, यातायात आगमन ठप्प छ । मानिसहरु त्राहिमाम भएर बसेका छन् ।

नेपालमा यति ठुलो बर्षा ४० बर्ष पछाडी भएको र यसले अप्रत्याशित क्षति पुऱ्याएको छ । जुन नेपालीहरुले अनुमान नै नगरेको घटना भएको छ । काठमाडौ उपत्यकामा समेत ४४ जनाको मृत्यु पुष्टि भएको छ ।

यो प्राकृतिक विपत्तिले खडा गरिदिएको संकट काहावाट शुरु गर्ने देशनै अलमलमा छ । हुनत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, देशका बिभिन्न सामाजिक संघ, संस्थाहरु उद्धार तथा अवरोध भएका राजमार्गहरु खुलाउन खटेकाछन् । कल्पना गरेभन्दा धेरै क्षेत्रमा क्षति भएको हुनाले यो संकट निक्कै अप्ठ्यारो अवस्थामा छ ।

सामाजिक सञ्जालको दुरुपयोग

यतिवेला सवै सामू प्रकृतिले खडा गरि दिएको संकट अजंगको पाहाड बनेर उभिएको छ । यसलाई सवै नेपालीहरु एक ढिक्का भएर सावधान गर्ने समय हो । तर कतिपय अर्ध ज्ञान भएकाहरुले एकले अर्कोलाई सामाजिक सञ्जालमा न क रा त म क

» बाकी ६ पृष्ठमा

## बाढी पीडितलाइ सहयोग



■ जनआकाश संवाददाता

काठमाडौ- यहि मिति २०८१ साल असोज १० गते रातिवाट निरन्तर रुपमा पानी परेको र ११ गते रातिवाट विभिन्न ठाउहरुमा पैरो, बाढिले देशैभरी जनधनको क्षति पुर्याएको छ। ति पीडित परिवारहरुलाइ राहात पुगोस भन्ने हेतुले भाटभटेनि सुपर मार्केट तथा विभिन्न व्यवसाय संचालन गरीरहेका व्यवसायी तथा समाजसेवी मिन बहादुर गुरुङले १ करोड ११ लाख ११ हजार १ सय ११ रुपैया नेपाल सरकार मार्फत बाढि पीडितलाइ सहयोग गरेका छन् ।

उनले यो भन्दा अगाडीका दीनहरुमा पनि नेपालमा भयका विभिन्न मानविय सकटहरुमा दील फुकाएर सहयोग गर्दै आएका छन् ।






## नेपाल इन्जिनियरिङ कलेज ३१ औं वर्षमा प्रवेश




काठमाडौं- नेपाल इन्जिनियरिङ कलेज (नेक) ले ३० औं वर्ष पुरा गरेको छ। चाँगुनारायण भक्तपुरमा अवस्थित कलेज स्थापनाको ३० औं वर्ष पुरा गरेको हो । सन् १९९४ मा सर्वसुलभ शुल्कमा गुणस्तरीय इन्जिनियरिङ शिक्षा प्रदान गर्ने उद्देश्यले मुनाफारहित सामाजिक शैक्षिक संस्थाका रुपमा नेकको स्थापना भएको थियो ।

सर्वसाधारणका छोराछोरीलाई इन्जिनियरिङ शिक्षामा पहुँच पुर्याउने लक्ष्यका साथ नेपालको सामाजिक, शैक्षिक, व्यवसायीक र औद्योगिक क्षेत्रमा सक्रिय सात जनाको समुहले नेकको स्थापना गरेका हुन् । नेपाल इन्जिनियरिङ कलेजको स्थापना नेपालका प्रख्यात इन्जिनियर स्वर्गीय प्रा.डा.दीपक भट्टराई, पोखराका उद्योगी स्वर्गीय सुर्यबहादुर केसी, हरिप्रसाद पाण्डे, लम्बोदर न्यौपाने, इ.लवराज भट्टराई, रामरत्न उपाध्याय, डा.उपेन्द्र देवकोटाले गरेका थिए ।

त्यसो त नेक नेपालकै निजी क्षेत्रको पहिलो इन्जिनियरिङ कलेजसमेत हो । नेक स्थापना हुँदा इन्जिनियरिङ कलेजहरुको अनुगमन, नियमन गर्ने नेपाल इन्जिनियरिङ परिषद् समेत स्थापना भएको थिएन । थापाथली क्याम्पस, पुल्चोक क्याम्पस, पूर्वाञ्चल क्याम्पस लगायत सिमित कलेजहरुमा मात्र इन्जिनियरिङ शिक्षाको अध्ययन भइरहँदा त्यहाँ सर्वसाधारणका छोराछोरीको पहुँच पुग्न नसकेको परिप्रेक्ष्यमा निजी क्षेत्रबाट पनि कम शुल्कमा गुणस्तरीय इन्जिनियरिङ शिक्षा प्रदान गर्ने हेतूले कलेजको स्थापना गरिएको संस्थापकहरुको भनाई छ ।

सुरुवाती चरणमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएर सुरु गरिएको

» बाकी ६ पृष्ठमा

## निर्माण व्यवसायीको ४५ अर्ब रुपैया भुक्तानी गरीदिन माग

काठमाडौं- नेपाल निर्माण व्यवसायी महासंघले भुक्तानी अभावमा मुलुकको निर्माण उद्योग अत्यन्त जटिल अवस्थामा पुगेको जनाएको छ ।

विहिवार पत्रकार सम्मेलन गर्दै महासंघले चाडवाडको मुखमा समेत व्यवसायीहरूले भुक्तानी नपाउँदा हजारौ व्यवसायी र उनीहरूमा आश्रित लाखौं मजदूरको विचल्ली हुने अवस्था रहेको जानकारी गराएको छ ।


'विगत लामो समयदेखि राज्यले राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, संघीयबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण भएका आयोजना, स्थानीय अस्पताल लगायतका आयोजनाहरुको निर्माण व्यवसायीहरूलाई भुक्तानी गर्नुपर्ने दायित्व करीब रु.४५ अर्ब रहेको छ' पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष रवि सिंहले जानकारी दिएका हुन ।

राज्यबाट निर्माण व्यवसायीहरूलाई यस आर्थिक वर्षमा भएको आंशिक भुक्तानी समेत यस चालू आर्थिक वर्षको विनियोजित बजेटबाट मात्र भुक्तानी भएको हुँदा अब यस वर्ष हुने थप निर्माण कार्यमा भुक्तानीको समस्याले पुनः जटिल रुप लिन सक्ने महासंघले बताएको छ ।

विगत दुई वर्षदेखि नै निर्माण कार्य सम्पन्न गरे बापत निर्माण व्यवसायीहरूले पाउनु पर्ने सम्पूर्ण रकम तत्काल निकास हुने भनी प्रधानमन्त्री, उपप्रधानमन्त्री मन्त्रीहरू लगायतले पटक पटक प्रतिबद्धता जनाए पनि कुनै सुनुवाई नभएको महासंघ अध्यक्ष रवि सिंहले बताए ।

सरकारी रवैयाका कारण राज्यमाथिको निर्माण व्यवसायीहरूको 'भरोसा' नै टुट्ने अवस्थामा पुगेको अध्यक्ष सिंहको भनाइ थियो । आर्थिक वर्ष २०७९/०८० र २०८०/०८१ देखिकै

» बाकी ६ पृष्ठमा



जन आकाश राष्ट्रिय साप्ताहिक Jana Aakash National Weekly
वर्ष -१७, अंक- १०, २०८१ साल असोज १५ गते मंगलबार (Oct 1, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य; रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### दैवी प्रकोप पीडितहरूलाई सवैले सहयोग गरौं ।

यहि असोज १२ गते आएको दैवी प्रकोप अर्थात निरन्तर बर्षाका कारण देशभरी बाढी, पैरो, डुबानले धेरै ज्यान लिएको छ । कतिपयको बासस्थान उठाएको छ । ति बासस्थान उठाएका मानिसहरु यतिवेला बिजोग अवस्थामा बाचिरहेका छन् । कतिपयले आफन्त गुमाएका छन् । कतिपय घाइते अवस्थामा छन् । यो समय अरुको दुख: हेरेर बस्ने समय हो इन ।

जो जसले जसरी सहयोग गर्न सकिन्छ । सहयोग गरिहाल्ने हाल्ने अवस्था हो । हुनत सरकारले आृनो क्षमताले भ्याएसम्मको कामहरु गरिराखेको छ । यो समयमा सवै नेपालीहरु मिलेर बाढी, पैरोवाट पीडित भएकाहरुलाई सहयोग गर्न सकियो भने देशमा आईं लागेको ठुलो समस्यालाई सवै मिलेर सहयोग गर्दा सजिलै पार लगाउन सकिन्छ ।

एकता नै बल हो भन्ने मुल मन्त्रलाई आत्मसाथ गरेर सवै नेपाली देश-विदेशमा रहेका आम नेपाली दाजुभाई दिदीबहिनीहरुले एक थुकी सुकी धेरै थुकी बगी भन्ने उखानलाई समेत मनन् गरेर बाढी, पैरो प्रभावित मानिसहरुको लागि सहयोग गरेर समस्याको सावधान गर्ने वेला रहेको छ ।

मानवको सेवा गर्ने अवसर त्यस्तो भाग्यमानीलाई मात्र प्राप्त हुन्छ । जो हृदयको विशाल खानी भएको हुन्छ । त्यस्तै विशाल हृदय भएको मानिसहरुको खाचो यतिवेला नेपालका बाढी, पैरो पीडितहरुको लागि आवश्यक छ ।

त्यसैले सवै मिलेर यस्ता बाढी, पैरो, डुबानमा प्रभावित भएका मानिसहरुको लागि जाहा जुन अवस्थामा नैतिक, भौतिक, आर्थिक समन्वयकारी भुमिका निर्वाहर गरेर जे सहयोग गर्न सकिन्छ त्यहि सहयोग गरेर मानवीयताको रक्षा गर्नुपर्छ ।

# आगो: नेपाली साहित्यमा नयाँ उपविधा



तेजप्रकाश बानियाँ
पूर्व सहायक रथि

बैतडी जिल्ला मेलौली न पा वडा नं ४ तिताबैका दीर्घबहादुर चन्द, पिता श्री मदन चन्द र माता श्रीमती मधुमैना देवी चन्दका सुपुत्रको रूपमा बि सं २०२८ साल भाद्र २४ गते जन्मनु भएको हो । नेपाली सेनामा प्रवेश गरी प्रमुख सेनानी दर्जाबाट अवकाश प्राप्त गरी हाल टोखा न. पा. ४, धापासी, काठमाडौंमा बसोबास गर्दै आउनु भएको छ । उहाँ नेपाली साहित्यमा पहिलादेखिनै रुचि राख्ने ब्यक्ति हुनुहुन्छ । उहाँका सयौं लेखहरु बिभिन्न पत्रपत्रिकामा प्रकाशित भई सकेका छन् भने, पुस्तक चाहिँ काव्य विधाको उप विधाको रूपमा तयार भएको आगो र सप्तरङ्गी 'सुमन' गरी २ थान पुस्तकहरु मिति २०८१ भाद्र २४ गते सौगात पार्टी प्यालेस गंगबु, काठमाडौंमा आयोजना गरीएको सभ्य र भव्य समारोह बीच विमोचन भएका छन् ।


उक्त कार्यक्रममा मैलेपनि उपस्थितहुने मौका पाएँ । तानसेन बहुमुखी क्याम्पस, पाल्पाका क्याम्पस प्रमुख, वरिष्ठ साहित्यकार एवम् शीत काव्य र त्रिशूल काब्य विधाका परिकल्पनाकार श्री पुष्कर अथक रेग्मीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा नेपाली सेनाका अवकाश प्राप्त विशिष्ट तहदेखि कनिष्ट तह सम्मका व्यक्तिहरु धेरैनै उपस्थित हुनुहुन्थ्यो र अरू बिभिन्न क्षेत्रका प्रतिष्ठित महानुभावहरूको पनि प्रशस्त उपस्थिति थियो । उक्त दिन बिमोचित आगो र सप्तरङ्गी 'सुमन' शीर्षकका पुस्तकहरुमा ्'आगो' नयाँ उपविधा भएकोले, यसका सिद्धान्त एवम् प्रयोग तथा 'सप्तरङ्गी' चाहिँ मिश्रित कृति सङ्ग्रहको रुपमा प्रकाशित भएको छ ।

सुख शान्ति मिडियाले प्रकाशनमा ल्याएको उक्त पुस्तकहरुको अन्तर्वस्तुको बारेमा भन्नुपर्दा दुवै पुस्तकहरुको सुरुआत शुभकामना र मन्तव्य आदिबाट थालनी गरिएका छन् । आगोको बिषयमा वरिष्ट सहित्यकार एवम् विश्लेषक पुस्कर अथक रेग्मीले आगो रचना गर्ने क्रममा सर्जकले दुई आगो जोडेर चतुष्पदीय मुक्तक र आगोको दुई पङ्क्ति मिलाएर गजलको एउटा शेर हुने कुरा ध्यान पूर्वक स्पष्ट पार्नु भएको छ । मन्तव्यक्रम पछि, बिशेष कारण सर्जकले प्रकाशन गर्न नभ्याएको विशेष गरी लेखकले आफ्ना दुई छोरीहरूमा समर्पण गर्नु भएको जीवन संघर्ष शीर्षकको सानो दर्शन प्रस्तुत गरिएको छ ।

दर्शन पछि आगो, यसका सिद्धान्त र प्रयोग, यो सँग सम्बन्धित शब्दावलीहरू, विशेषताहरु, आगोमा ५–५ अक्षरको २ लाइन आगो कविता लेखन उदाहरण, नमूना, आगोको सिद्धान्त, गजल, मुक्तक तथा अन्य आफूले चाहेको विधालाई आगोको सिद्धान्तमा कसरी लेख्ने उदाहरणहरू छन् । धेरै आगो कविताको उदाहरणहरू प्रस्तुत, आगो शैलीको मुक्तकलाई मुक्तागो नाम परिकल्पना, केही उदाहरण सहित, आगो शैलीको गजललाई गजलागो नाम परिकल्पना, अभ्यास सहित, मुक्तागो दोहोरी र यस बाहेक पनि हाम्रो दैनिक जीवनमा परिआउने, इन्धनको मूल्य बृद्धि, नव वर्षको शुभकामना, मतपत्रको रंग बारे, हिन्दीमा समेत आगोलेख्ने तरिका, जेजे भन्न खोजेको छ, परिआउने यावत् कुरालाई आगो विधाले ढुक्कसँग सम्बोधन गरेर देखाइएको छ अन्त्यमा विभिन्न स्रष्टाहरुले प्रस्तुत गर्नभएको आगो कविताहरू समावेश गरिएको छ । तर सप्तरङ्गीमा भने, शुभकामना, मन्तव्य प्रकाशकीय आदि पछि, गजल, गीत, कविता, शीत, सुसेली, आगो (मुक्तागो र गजलागो सहित) प्रस्तुत गरिएको् कृति सङ्ग्रहको रूपमा प्रकाशित छ ।

यसरी अध्ययन गर्दै जाँदा, लेखक चन्दले थोरैमात्र भएपनि नेपाली साहित्यमा नेपाली पनले सजाउन खोजेको देखेर मेरो मनमा पनि केहीवर्ष अगाडिदेखि खट्किरहको कुरा फेरि याद आयो । हाम्रो देश सानो छ । तर कला संस्कृतिमा हामी धनी छौ । प्राकृतिक नियमलाई समातेर नेपाली पद्य जगतको श्रीवृद्धिकालागि, प्रस्तावको रुपमा काब्य बिधाको उप विधा 'आगो' पेशगर्नु भएको छ । तर दुर्भाग्यको कुरा हामी परजीवी भयौँ । दिनानुदिन हाम्रो पर निर्भरता बढेर गयो । हामी जुन कुरामा अगाडि जान पनि अर्काले धकेली दिनुपर्ने बानी परिसकेको छ । बीरता, बहादुरी र विजय हाम्रो । तर चिनाउनु पर्ने अरूले । हाम्रो इतिहास भन्ने होभने, इतिहास जस्तो संवेदनशील कुरामा राष्ट्रले हाम्रो आधिकारिक इतिहास यो हो भन्न सकेकोछैन । कतै उदाहरण वा सन्दर्भ सामाग्री देखाउन, विदेशीकै नाम कोड गर्नुपर्ने हुन्छ । काठमाडौंको नेवारी हाउस भनौ कि काठमाडौंको परम्परागत वास्तुकला भनौ या काष्ठमण्डप हाउस जे पनि विदेशीको लेखाइबाट जानकारी लिनुपर्छ ।

नेपाली साहित्यको क्षेत्रमा भन्नु पर्दा हामीले प्रयोग गर्ने हजारौं छन्दहरू संस्कृत भाषाबाट अनुबाद गरी आयातित छन्दहरू छन् । भानुभक्तले रामायण लेखेर, नेपाली साहित्यमा मिठास थपे । यस मानेमा दीर्घबहादुर चन्दले




सम्पदाहरू त्यत्तिकै छन् । नेपाल एक बहुभाषिक ,बहुसाँस्कृतिक, बहु धार्मिक देश हो । यहाँ धेरै थरिका मानिसको भेदभाव रहित मिश्रित बसोबास छ । नेपालको धार्मिक सहिष्णुता, सामाजिक सहिष्णुता, जातजाति बीच आपसी मेल मिलाप, सांस्कृतिक विविधता आदि, देख्न नसकेर हाम्रो सामाजिक बनोट लाई खलल पारी सधैं अस्थिर कठपुतली बनाउने उद्देश्यले एजेन्टलाई कुनै कामको बहानामा नेपालको कुनाकुनामा पुऱ्याइ सकेका छन् । संस्कृतिमा खलल पुऱ्याउन पाए अरू सजिलैसँग वसमा पार्न सकिने भएबाट कहिले ईन्द्र जात्रा बन्द गराउन खोज्ने, कहिले कुमारी जात्रा बन्द गर्न खोज्ने जस्ता छुपारूस्तम देखि हामी बेलैमा सतर्क हुनुपर्छ । नत्र, यी साम्राज्यवादी चिन्तनले ग्रसित पशिचमाहरूले धर्म परिवर्तन गराउने, जाति जाति विरूद्ध फाटो पारिदिने, सकेसम्म जनगणनाका बखत् हिन्दूहरूको संख्या क्रमैसँग थोरै बनाउदै गएर अल्पमतमा पार्ने, यत्न भैरहेकोछ । यस्ता अवाञ्छित तत्वदेखि सावधान हुनु पर्नेमा हाम्रा शासकहरू सतीलाई दोष दिएर उम्कीरहेछन् ।

आजको युग समयको युग हो । हरेक मान्छे अर्कालाई पछि पार्ने होडबाजिमा दौडीरहेको अत्यन्त बेफुर्सदी छ । यसलाई समेत मध्य नजर राखी हाम्रा नव प्रवेशी आधुनिक परिकल्पनाकार चन्दले द्विपदीय, पञ्चाक्षरी र गेयपना, यी ३ वटा साहसका साथ यो आगो नामको उप विधा अगाडि सार्नु भएको छ, उहाँको यो कदम स्वागत एवम सम्मान योग्य छ । नेपाली साहित्यका पाठकवर्गले यसलाई अवश्य मन पराएर हौसला प्रदान गर्नुहुने छ । साहित्य पारखीका लागि यसले बौद्धिक खुराकको काम गर्छ भने सिकारुका लागि मार्ग दर्शकको काम गर्दछ । साहित्यिक फाँटमा आगोको प्रवेश गराउनु समयोचित छ । जुनसुकै बोट, बिरुवा, बीउ नयाँ वातावरणमा अङ्कुराउन, फल्न, फुल्न र फष्टाउन कठीन पर्छ । आगो पनि एउटा झिल्कोले सिङ्गो वन सखाप पार्न सक्छ । तर ओसिलो ठाउमा सलाई कोरेर लगाउदा पनि टिप्दैन । तसर्थ सबै चिजकालागि उपयुक्त वातावरण आवश्यक पर्दछ । वातावरण भनेको हामी पाठकनै हौँ ।

अन्त्यमा यसका परिकल्पनाकार दीर्घबहादुर चन्दले नेपाली सेना जस्तो सम्वेदनशील संस्थामा सेवा गरेर पनि कलम र बन्दुकलाई समायोजन गरी, एकैसाथ समानान्तर रुपमा अगाडि बढाएर बडो मेहनत गरेर चकमक भित्रको आगोलाई बीउको रुपमा निकाली सफलता पूर्वक अङ्कुरण गराई कलकलाउदो बिरुवा तयार गरी साहित्यको उद्यानमा रोप्नु भएकोछ । यसलाई फल्नफुल्न र हुर्काउन सहयोग गर्नु हामी साहित्य लेखक, पाठक एवम् साहित्य प्रेमी सबैको कर्तब्य हुनेछ । यसरी घुनपुतली र अन्य रोगहरुबाट शैसवकाल जोगाउन सकेमा आगोले सजिलैसँग आफूलाई स्थापित गराउनेछ, भन्ने आशा र विश्वासका साथ आजलाई यत्ति

# पहिलो पटक नेदरल्याण्ड्सबाट घुँडा प्रत्यारोपण र प्रतिस्थापनको प्रत्यक्ष प्रदर्शन



काठमाडौं- २३ सेप्टेम्बर, २०२४स् एएमसी आयोजनाको उद्देश्य अर्थोपेडिक डाक्टरहरूलाई नवीनतम विश्वस्तरीय प्रविधिबाट बिरामीहरूको उपचार गर्न सक्ने बनाउन उनीहरूको विशेषज्ञता अभिवृद्धि गर्नु हो ।

हामी अनुप मास्टर्स कोर्स (ब्न्ड्ड) मार्फत् अर्थोपेडिक डाक्टरहरूको विशेषज्ञता बढाउन चाहन्छौं ताकि अर्थोपेडिक बिरामीहरूलाई नवीनतम विश्वस्तरीय प्रविधि प्रयोग गरेर उपचार गर्न सकियोस् । एएमसीमा भारत र बिहार लगायत विदेशका ख्यातिप्राप्त डाक्टरहरुको सहभागिता रहेको थियो जसले एएमसीमा सहभागी चिकित्सकहरुसँग आफ्नो ज्ञान र अनुभवहरू बाँडेका थिए ।

यसरी एएमसी मार्फत् डाक्टरहरूले आफूलाई अपडेट गरिरहन्छन् र बिरामीहरूले पनि यसको प्रत्यक्ष लाभ प्राप्त गर्दछन्ए एमसीका दौरान पहिलो पटक गोलिगाँठा र खुट्टाको शल्यक्रिया तथा प्रत्यारोपण एवम् प्रतिस्थापनको प्रत्यक्ष प्रदर्शन गरिएको थियो । यस पटकको एएमसी २१ र २२ सेप्टेम्बरसम्म पटनाको होटल मौर्यामा आयोजना गरिएको थियो ।

२२ सेप्टेम्बर आइतबारको दिन एएमसीको समापन समारोहमा देशमै पहिलो पटक रोबोटिक शल्यक्रिया सुरु गरेका अनूप इन्स्टिच्युट अफ अर्थोपेडिक्स पटनाका डा. आशिष सिंहले यी जानकारीहरू गराएका हुन् । उनले यो छैटौं अनुप मास्टर्स कोर्स भएको पनि बताए ।

एएमसीमा घुँडा, हिप र गोलिगाँठाका डा. डेनियल पोटर, डा. कप्लेश्वरी शाह (युके) लगायतका २० भन्दा बढी अन्तर्राष्ट्रिय फ्याकल्टीको सहभागिता रहेको थियो । यस क्रममा रिलाईभ रोबोटिक सर्जरीमा हिप र घुँडाका प्रक्रियाहरू बारे व्याख्या गरिएको थियो । एएमसीका दौरान हड्डीको क्यान्सर प्रविधि, खुट्टा र घुँडाको हेरचाह, खेलकुदको चोट र काँध प्रतिस्थापनमा समेत बहस र छलफलहरू गरिएका थिए ।

देशमै पहिलो पटक अर्थोपेडिक्समा रोबोटिक सर्जरी सुरु गर्ने अनुप सुपर स्पेशलिटीका प्रमुख डा.आशिष सिंहबाट उपचार गराउन विदेशबाट पनि बिरामीहरू आउने गरेका छन् । यहाँ बंगलादेश, भुटान र नेपालबाट अपाङ्गता भएका बिरामीहरू उपचारका लागि आउने गरेका छन् । अन्य शल्यक्रियाको तुलनामा रोबोटिक शल्यक्रियामा ४० देखि ५० प्रतिशत कम खर्च हुने डा.सिंहले बताए । यहाँ उपचार पाएपछि बिरामीहरू निकै खुसी र सन्तुष्ट हुने गरेका छन् ।

सुरु सुरुमा उपचारका लागि यहाँ देशभरका बिरामीहरू मात्रै आउने गरेकोमा अहिले भने विदेशबाट पनि विरामी आउने गरेका छन् र उनीहरूले अन्य मुलुकको तुलनामा यहाँ सस्तो र राम्रो उपचार पाइरहेका छन् । एडिनबर्ग (अमेरिका) बाट रोबोटिक शल्यक्रियाको विशेष तालिम लिएका डा । सिंहले आफ्नो अनुभवको आधारमा जोर्निका सबैभन्दा कठिन केसहरूमा पनि सफलतापूर्वक शल्यक्रिया गर्ने गर्दछन् ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत ५-६ जना विपन्न व्यक्तिहरूको निःशुल्क शल्यक्रिया गरिएको छ । डा. सिंहले भने, "हामी बिहारलाई विश्वको नक्सामा चिनाउन प्रतिबद्ध छौं र यसमा एएमसी सहयोगी साबित भइरहेको छ । एएमसीमा देश तथा विदेशका ख्यातिप्राप्त फ्याकल्टीहरुको सहभागिता रहेको छ । उनले यो दुई दिने शैक्षिक कोर्स भएको समेत बताए ।

यी दुई दिनमा देश र विदेशका ख्यातिप्राप्त जोर्नी प्रतिस्थापन विशेषज्ञहरूले नयाँ अपडेट र आधुनिक प्रविधिको बारेमा जानकारी दिएका थिए । यो कार्यक्रमको आयोजना बिहारको अर्थोपेडिक्स एसोसिएसनसँगको सहकार्यमा एएमसीले गरेको हो ।

छैटौं एएमसीको अध्यक्षता डा. आशिष सिंह र शिल्पी सिंहले गरेका थिए । यसको आयोजक समितिमा संरक्षक डा. आर.एन. सिंह, डा. एस.एस. झा, डा. जोन मुखोपाध्याय, डा. (क्याप्टेन) विजय शंकर सिंह, डा. एस.एन. सराफ, डा.विश्वेन्द्र सिन्हा, डा. भरत सिंह र डा. सुधीर माने रहेका थिए ।

यस्तै कार्यक्रमका सहअध्यक्ष डा.अमुल्य सिंह, डा.अशोककुमार सिंह, डा. पंकज सिंह, डा.राजीव आनन्द, डा. राकेश चौधरी, डा.सुशील कुमार सिंह, प्रा. डा. रितेश रुनु, डा. निशान्त कुमार, डा. के.एस. आनन्द, प्रा. डा. सन्तोष कुमार र डा. भुवन सिंह थिए ।

विशेष फ्याकल्टीमा ड.ए. के. मानव, डा. अभिषेक दास, डा.अरविन्द प्रसाद गुप्ता र डा. अमृता सिंह पनि थिइन् । यस एएमसीमा कुल १४ वैज्ञानिक सत्रहरू आयोजना गरिएको थियो ।

## रामेछाप डायरी

### रामेछापको भंगेरीमा बनाउन सुरू गरिएको पुष्पलाल पार्क अलपत्र

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको जन्मस्थान रामेछापको भंगेरीमा बनाउन सुरु गरिएको पुष्पलाल पार्क अलपत्र परेको छ । २ वर्ष अघि नै निर्माण सम्पन्न हुनुपर्ने पार्क निर्माणको काम अलपत्र परेको हो ।



नेपाली कम्युनिष्ट आन्दोलनका अगुवा पुष्पलालको जन्मस्थान भंगरीका १७ परिवारको करिब ५५ रोपनी जग्गा सरकारले अधिग्रहण गरी पुष्पलाल पार्क बनाउने काम थालेको थियो । तर काम अलपत्र पर्दा पार्कका लागि जग्गा दिएका स्थानीय बासिन्दा पनि आक्रोशित छन् ।

२०७६ सालमा ५५ करोड रुपैयाँको लागतमा पार्क निर्माणको काम थालिए पनि सम्पन्न नहुँदा बनेका संरचना पनि भत्किन थालेका छन् । पार्कको घेराबार,सेमिनार हल,पुस्तकालय भवन र आवासीय भवन निर्माण भइसके पनि त्यसको जिम्मेवारी कसैले नलिँदा अलपत्र अवस्थामा छ ।

भंगेरीमा अहिले पुष्पलाल र उहाँका दाजु गंगालाल श्रेष्ठको अर्धकदको शालिक छ । पार्क निर्माणको लागी अधिग्रहण गरिएको ५५ रोपनी जग्गा मध्ये ५० रोपनी माधवकुमार नेपाल अध्यक्ष रहेको पुष्पलाल प्रतिष्ठानको नाममा र ५ रोपनी नेपाल सरकार भवन तथा सहरी विकास विभागको नाममा छ ।

पार्कको जिम्मेवारी कस्ले लिने भन्ने अन्यौल रहेको रामेछाप नगरपालिकाका मेयर लबश्री न्यौपानेले बताउनुभयो । गत २ आर्थिक वर्षमा प्राप्त बजेटबाट पार्क भित्रको संरचना निर्माण गरेको तर चालू आर्थिक वर्षका लागी बजेट विनियोजन नभएकाले काम नभएको सघन सहरी तथा भवन निर्माण आयोजनाका सूचना अधिकारी शिवराज महर्जनको भनाइ छ ।

पार्क निर्माण भए भंगेरी क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने आशा स्थानीय बासिन्दाको छ । तर पार्क निर्माणको काम अघि नबढ्दा स्थानीयबासिन्दाको यो आशा निराशामा परिणत हुँदै गएको छ ।

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८१ को अवसरमा सम्पुर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

नेपाल निर्माण व्यवसायी महासंघ
(परिवार)

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८१ को अवसरमा सम्पुर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।



पुर्ण बहादुर तामाङ (कान्छाराम)
राज्यमन्त्री
उर्जा, जलस्रोत तथा सिचाई, नेपाल सरकार

रामेछाप नगरपालिका
बागमती प्रदेश, रामेछाप
नेपाल

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
लवश्री न्यौपाने

उप- प्रमुख
बाल कुमारी कार्की थापा

प्रमुख प्रशासकीय अधिकृत
मित्र प्रसाद घिमिरे

मन्थली नगरपालिका
बागमती प्रदेश, रामेछाप
नेपाल

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
लब श्रेष्ठ

उप- प्रमुख
इश्वरी बस्नेत

प्रमुख प्रशासकीय अधिकृत
हरि प्रसाद चापागाई

# दराज नेपालद्वारा दशैं धमाका क्याम्पेनको घोषणा

काठमाडौं- असोज १०, २०८१- देशकै अग्रणी अनलाइन सपिङ प्लेटफर्म, दराज नेपालले चाडपर्वको मौसम लक्षित गर्दै बहुप्रतिक्षित दशैं धमाका क्यम्पेनको घोषणा गरेको छ ।

छुट तथा सुविधाका लागि निकै प्रतिक्षित यस अभियान अन्तर्गत उपभोक्ताले ७०% सम्मको अविश्वसनीय फ्ल्यास सेल छुट, निःशुल्क होम डेलिभरी र पूर्व भुक्तानीमा रु. २ हजार सम्मको नगद छुट प्राप्त गर्न सक्नेछन् ।

यो क्याम्पेन असोज ११, २०८१ देखि कार्तिक १, २०८१ सम्म चल्नेछ । साथै, क्याम्पेनमा सहभागी एक जना भाग्यशाली खरिदकर्ताले वानप्लस नर्ड सीईथ्री फाइभजी जित्नेछन् । त्यसैगरी, अन्य तीन जनाले सेटाफिलका तर्फबाट रु १० हजार बराबरको आकर्षक गिफ्ट ह्याम्पर जित्ने मौका पाउने कम्पनीले जानकारी दिएको छ ।

उत्पादनहरूको विस्तृत श्रृंखला तथा डिलहरू प्रदान गर्ने ब्रान्डहरूको विशाल चयनका साथ, दशैं धमाका शपिंगका लागि अभूतपूर्व आकर्षक गन्तव्य हो । क्याम्पेन अवधिभर उपभोक्ताहरुले आइविबी, एंकर, एक्वालोजिका, सेताफिल, सिलेन्स्टा, डोभ, सर्फ एक्सेल लगायत सह-प्रायोजकहरुका तर्फबाट उपलब्ध गरिएका अविश्वसनीय डिलहरूको मज्जा लिन सक्नेछन् ।

त्यस्तै अस्टावोल्फ, मामाअर्थ, नेपाल टी एक्स्चेन्ज, रोट्टो मेन्थालेटम, स्ल्याजेन्गर, टेक्नो, ह्वाइट मून, एक्स-एज लगायत ब्रान्ड साझेदारहरूका तर्फबाट विशेष अफरहरु पनि उपलब्ध गराउने जानकारी दिइएको छ ।

क्याम्पेन अवधिभर डेबिट कार्ड मार्फत आफ्नो अर्डर को लागि अग्रिम भुक्तानी गर्ने ग्राहकहरूले रू. १ हजार ५ सय सम्म १५% छुटको मजा लिन सक्नेछन् । साथै, क्रेडिट कार्ड प्रयोग गर्नेहरूले रु २ हजार सम्म २०%




सम्मको छुटबाट लाभ उठाउन सक्नेछन् ।

यो अफर नबिल बैंक, हिमालयन बैंक, सानिमा बैंक, एनएमबि बैंक, माछापुच्छ्रे बैंक, नेपाल बैंक र ज्योति विकास बैंकका कार्डहरूमा मान्य हुनेछ । त्यसैगरी ईसेवा, आईएमई पे वालेट प्रयोगकर्ताहरूले आफ्नो अर्डरमा १५% छुट सुविधा पाउनेछन् । खरिदकर्ताहरूलाई दराज भाउचरहरू प्रयोग गरी कुल रु. २ करोड सम्मको छुट पाउन सकिने सुविधाका साथै आफ्ना खरिदमा फ्ल्याट रु. १० हजार छुट प्राप्त गर्ने अवसर समेत उपलब्ध गरिनेछ ।

पछिल्ला संस्करणको लोकप्रियतालाई दृष्टिगत गर्दै, दशैं धमाकाले न्यूनतम रु. ४ सय ९९ खर्च गर्दा छानिएका बिक्रेताहरू मार्फत चुनिएका उत्पादनहरूमा घरदैलो सम्म निःशुल्क होम डेलिभरीको सुविधापनि प्रदान गर्ने जानकारी दिइएको छ । "फ्री डेलिभरी" सुविधाको उपभोग गर्न दराज एपको होमपेजमा रहेको "फ्री डेलिभर ी" ब्यानरमा क्लिक गर्नुपर्ने हुन्छ ।

दशैं धमाका क्याम्पेनको मुल उद्देश्य छुट र बचत मात्र नभइ एक बेजोड अनलाइन किनमेल अनुभव प्रदान गर्नु रहेको कम्पनीको भनाइ छ । दराज नेपालले सबैलाई दशैं उत्सवमा सहभागी हुन र यी अभुतपूर्व प्रस्तावहरूको अधिकतम लाभ लिन आमन्त्रित गरेको छ ।

# कुमारी बैंकको दशैं उत्सव क्यासब्याक अफर सञ्चालनमा

काठमाडौं- अनवरतरुपमा नवप्रर्वतनमा आधारित उत्कृष्ठ सेवा प्रदान गरिरहेको कुमारी बैंकले आउदो विजया-दशमीका अवसरहरुमा आफ्ना सेवाग्राहीहरुलाई शुभकामना स्वरुप दशैं उत्सव क्यासब्याक अफर सञ्चालनमा ल्याएको छ ।

घटस्थापना देखि महानवमी सम्मको ९ दिन सञ्चालनमा रहने यस अफर मार्फत कुमारी बैंकका सेवाग्राहीहरुले डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाईल बैकिङ्ग मार्फत बस्तु तथा सेवा खरिद बापतको रकम भुक्तान गर्दा प्रत्येक दिन ५० कार्ड प्रयोगकर्ता तथा ५० मोबाईल बैकिङ्ग प्रयोगकर्ताले खरिद मुल्यको २५ प्रतिशत वा अधिकतम रू. ५०१ बराबरको क्यासब्याक प्राप्त गर्न सक्नेछन् ।

यो योजना अर्न्तगत लाभान्वित सेवाग्राहीको संख्या बढाउन बिहान ८ बजे देखि बेलुका ११:५९ बजे सम्ममा सबैभन्दा छिटो कारोबार गर्ने सेवाग्राहीहरुलाई नदोहोरिने गरि क्यासब्याक उपलब्ध गराउने ब्यवस्था गरिएको छ । यसप्रकारको क्यासब्याकले सेवाग्राहीहरुमा विद्युतीय भुक्तानीका माध्यम मार्फत कारोबार गर्न प्रोत्साहन मिल्ने तथा डिजिटल अर्थव्यवस्था विकासमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ ।

विगत २३ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको




कुमारी बैंकले अनवरतरुपमा वित्तिय साक्षरता प्रवर्द्धन गर्दै आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१८ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५७ शाखा रहित बैंकिङ्ग ईकाईहरु मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरु प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरुमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरु गर्दै जाने समेत प्रतिबद्धता जनाएको छ ।

# जिओमेटले दशैं अफरमा १,००० रात्री बसहरूलाई निःशुल्क जीपीएस उपकरण दिने




काठमाडौं- नेपाली यात्रुहरूको सुरक्षालाई अझ सुदृढ र प्रभावकारी बनाउँन टेलिमेटिक्स टेकले दशैंको विशेष उपहारस्वरूप लामो दूरीका रात्री बसहरूमा निःशुल्क जीपीएस उपकरण वितरण गर्ने योजना सार्वजनिक गरेको छ।

यस योजना अन्तर्गत फर्स्ट कम, फर्स्ट सर्भ आधार मा १,००० वटा लामो दूरीका रात्रि बसहरूमा जीपीएस प्रणाली निःशुल्क जडान गरिने कम्पनीका संस्थापक आतिस गैरेले बताए।

विशेषगरी दशैंजस्तो चाडपर्वमा जब लाखौं नेपालीहरू लामो दूरीको यात्रा गरेर आफ्ना परिवार र गाउँघर फर्किन्छन्, बस सञ्चालकहरूका लागि यात्रुको यात्रालाई सुरक्षित बनाउनु अत्यन्त जरुरी हुन्छ, जियोमेटका संस्थापकले गैरेले भने। हामीले वितरण गर्ने यो जीपीएस उपकरण बस सञ्चालकहरूको लागि हो, जसले बसको हरेक गतिविधि वास्तविक समयमा ट्र्याक गर्न मद्दत पुर्याउनेछ ।

यसले बस कम्पनीलाई तत्कालको बसको वास्तविक अवस्थिति र सञ्चालनबारे जानकारी दिनेछ। यसले यात्रुको यात्रा अनुभवलाई अझ आरामदायी बनाउने विश्वास लिएका छौं । जियोमेटको जीपीएस प्रणाली मुख्यतः बस सञ्चालकहरूको लागि उपयोगी छ। यसले बसलाई वास्तविक समयमा ट्र्याक गर्न मद्दत गर्छ, जसले बस अहिले कहाँ छ, कति गतिमा गुडिरहेको छ र कुन रुटमा चलिरहेको छ भन्ने जानकारी दिन्छ ।

यो प्रणालीले बस सञ्चालकहरूलाई सर्भिसिङको सही समय पहिचान गर्न र इन्धनको खपतको अनुगमन गर्न सहयोग गर्छ, जसले बसको दीर्घकालीन सञ्चालनलाई अझ व्यवस्थित बनाउँछ। साथै, बस सञ्चालकहरूले जहाँबाट पनि मोबाइल वा कम्प्युटरमार्फत आफ्ना बसहरूको अवस्थिति हेर्न सक्छन्।

# फोनपे र कर्मचारी सञ्चयकोषको साझेदारी कोष सदस्यहरूको लागि डिजिटल भुक्तानी



काठमाडौं- फोनपे पेमेंट सर्भिस लिमिटेड र कर्मचारी सञ्चय कोष (इ.पी यफ) बीच, ए.पी.आइ (ब्एक्ष) आधारित होस्ट-टु-होस्ट (**H2H**) भुक्तानीको सुविधा प्रदान गर्न एक महत्वपूर्ण साझेदारी भएको छ।

यो इन्टेग्रेशनले, कर्मचारी सञ्चय कोषको एर्प (इ.आर.पी) प्रणालीलाई फोनपेको भुक्तानी प्रणालीसँग जोडेको छ । यसो गर्दा, कर्पोरेट भुक्तानीहरु जस्तै, व्यवसायदेखि ग्राहक (**B2B**), व्यवसायदेखि व्यवसाय (द्यद्न) र व्यवसायदेखि सरकार(**B2G**) सम्मको भुक्तानी सरल अनि सजिलो भएको छ १ साथै, यो व्यवस्थाले फोनपेको इन्टरओपरेबल बिलर प्लेटफर्म मार्फत सापटीहरूबाट प्राप्त रकम संकलन गर्न कर्मचारी सञ्चय कोषलाई सक्षम बनाउनेछ।

यस रणनीतिक साझेदारीको फलस्वरुप, अब कर्मचारी सञ्चयकोषमा आबद्ध सदस्यहरूले, मोबाइल बैंकिङ एप्स, इन्टरनेट बैंकिङ, र ओम्नि च्यानल वेबसाइटहरू मार्फत सजिलै आफ्नो भुक्तानी गर्न सक्ने छन् ।आधुनिक डिजिटल भुक्तानी पूर्वाधारस जस्तै होस्ट-टु-होस्ट (**H2H**) भुक्तानी इन्टेग्रेशनले कर्पोरेट भुक्तानीहरुको साथ-साथै विभिन्न वित्तीय प्रक्रियाहरूलाई पनि सरल बनाउने गरेको छ।

कर्मचारी सञ्चय कोषसँगको यो साझेदारी, प्रयोगकर्ताहरूको लागि वित्तीय पहुँच र दक्षता बढाउने फोनपेको लक्ष्यसंग प्रतिबद्ध रहेको भन्दै , फोनपेका प्रमुख कार्यकारी अधिकृत दिवस कुमारले भने, हामीले डिजिटल भुक्तानी समाधानहरूलाई एकीकृत गरेर, प्रयोगकर्ताहरूलाई केवल सुविधा मात्र दिइरहेका छैनौंस हामी डिजिटल नेपाल बनाउने लक्ष्यमा पनि सक्रिय रूपमा योगदान गरिरहेका छौं ।

यो साझेदारीले, हाम्रो प्रतिबद्दता अनुरुप, वित्तीय सेवाहरूलाई सबै नेपालीहरूको लागि थप पहुँच योग्य र ग्राहक मैत्री बनाएको छ हामीले यस साझेदारी मार्फत धेरै नयाँ भुक्तानी समाधानहरू पनि प्रस्तुत गर्ने लक्ष्य र ाखेका छौं।

कर्मचारी सञ्चय कोषका कार्यवाहक प्रमुख प्रबन्धक दर्शन भट्टराईले भने, फोनपेसँगको सहकार्य हाम्रो वित्तीय सेवाहरूलाई आधुनिकीकरण गर्ने रणनीतिक कदम हो। कर्मचारी सञ्चय कोष अन्तर्गत सापटीहरुमा डिजिटल भुक्तानी सेवा सुचारुले, हाम्रो सदस्यहरूको भुक्तानी प्रक्रियालाई सहज र छिटो बनाउनेछ।

यस साझेदारीले, हाम्रा योगदानकर्ताहरूलाई फाइदा पुर्याउने नवीन समाधानहरू अपनाउने हाम्रो प्रतिबद्धतालाई दर्साएको छ।

# असोज १७ गते आन्टरप्रेनर समिट आयोजना हुँदै

काठमाडौं- नेपालको प्रविधि कम्पनी स्वीभ्ट र इन्भेस्टियाको सहकार्यमा आन्टरप्रेनर समिट नेपाल २०२४ आयोजना हुने भएको छ । आउँदो असोज १९ गते शनिबार काठमाडौंको सोल्टी होटलमा सम्मेलन आयोजना हुनेछ ।

सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वक्ताहरूको सहभागीता हुने बताइएको छ । कार्यक्रममा एशिया प्रशान्त क्षेत्रका उद्यमी, लगानीकर्ता र व्यवसायिक नेतृत्वकर्ता लगायत उपस्थित हुनेछन् ।

नेपालमा विदेशी लगानी र अवसरहरू सिर्जना गर्न समिट महत्वपूर्ण हुने आयोजकको विश्वास छ । सम्मेलनमा एक्सिलेरेट भेन्चर्सका सह-संस्थापक र प्रबन्धक साझेदार लिओ लिउ, एसिया सीईओ कम्युनिटी हङकङका संस्थापक र सिईओ ग्यारी लाम, एक्सिलेरेट, हङकङका लविन हेलमानी र फिनटेक ग्लोबल बैंकिङ सोलुसन्स बेलायतका माइकल हो लगायत अन्तर्राष्ट्रिय वक्ताको रूपमा आउँदैछन् ।

साथै सम्मेलनमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र लगानी बोर्डका सिईओ सुशील ज्ञवाली पनि सहभागी हुने अपेक्षा गरिएको छ ।

उद्यमशीलताका बारेमा छलफल हुने कार्यक्रममा हङकङ, सिंगापुर, भारत र नेपालका प्रतिष्ठित व्यवसायिक व्यक्तित्वहरू सहभागी हुनेछ ।

यसले स्टार्टअप संस्थापक, व्यवसायिक नेतृत्वकर्ता र लगानीकर्ताहरूलाई नेटवर्किङ, रणनीति साझेदारी र सहकार्यको अवसर प्रदान गर्ने आयोजकले जानकारी दिएको छ ।

स्वीभ्टले गत वर्ष फिनटेक सम्मेलनको रूपमा पिएसपी सम्मेलन २०२३ आयोजना गरेको थियो । सो सम्मेलनमा इसेवा, खल्ती, फोनपे, मोरु, डिजिपे, सिजीपे, आईपे जस्ता प्रमुख फिनटेक कम्पनीहरू र नबिल बैंक, ग्लोबल बैंक, सिटिजन बैंक जस्ता ठूला वित्तीय संस्थाहरूले भाग लिएका थिए ।

यस पटकको उद्यमी शिखर सम्मेलन २०२४ मा नेपालको स्टार्टअप इकोसिस्टमलाई विश्वव्यापी मञ्चमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।




# ज्योति विकास बैंकद्वारा धादिङको नेत्रावती डबजोङ अस्पताललाई बेबी वार्मर प्रदान

काठमाडौं- ज्योति विकास बैंकले देशका ग्रामीण क्षेत्रमा जीवनरक्षक चिकित्सा उपकरणको आवश्यकतालाई ध्यानमा राखी धादिङ जिल्लाको नेत्रावती डबजोङ अस्पतालमा नवजात शिशुको शारीरिक तापक्रम उचित राख्न र हाइपोथर्मिया (अल्पताप) हुनबाट जोगाउनका लागि बेबी वार्मर (न्यानो नानी) मेसिन प्रदान गरेको छ।

ज्योति विकास बैंकको सामरी शाखाको पहलमा नेत्रावती डबजोङ गाउँपालिका वडा नं. ४ भोग्टेनीमा अवस्थित उक्त अस्पतालमा बेबी वार्मर जडान गरेको हो। विशेष गरी ग्रामिण क्षेत्रमा हाइपोथर्मियाको दर उच्च रहेको र यसका कारण नवजात शिशुहरूको जीवन जोखिममा पर्ने गरेको दृष्टान्तलाई हृदयङ्गम गर्दै उक्त जोखिमलाई न्यूनीकरण गर्ने अत्यन्त संवेदनशील र महत्वपूर्ण उपकरण उक्तअस्पतालमा प्रदान गरिएको हो ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको हाम्रो विकास प्रवर्द्धन कोष" मार्फत नेत्रावती डबजोङ अस्पताल सहित हालसम्म ४७ वटा मेसिनहरू प्रदान गरिसकेको छ ।

स्वास्थ्यप्रद जनशक्ति नै राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने दृढ मान्यतालाई शिरोधार्य गर्दै, यस विकास बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहलकदमी तथा योगदानले बैंकले विभिन्न चरणहरु मार्फत देशका विभिन्न अस्पताल, स्वास्थ्य चौकी तथा बर्थिङ सेन्टरहरुमा यस अघि प्रदान गरेका ४६ वटा बेबी वार्मर उपकरणहरु मार्फत हरेक वर्ष करिब १६८० भन्दा बढी नेपाली शिशुहरुलाई यो सुविधा उपलब्ध गराई वहाँहरुको अमूल्य जीवन रक्षा गर्न सफल भएको छ।

साथै हालसम्मको योगदानले करिब ८५०० भन्दा बढी शिशुहरु प्रत्यक्ष रुपमा यस सेवाबाट लाभान्वित भएका छन्। यस्ता जीवन रक्षण गर्ने अतिप्रमुख क्षेत्रमा नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक सकारात्मक परिवर्तनको बीजारोपण गरेको छ।


नेत्रावती डबजोङ अस्पतालमा आयोजित कार्यक्रममा बैंकका पदाधिकारीबाट उक्त स्वास्थ्य चौकीहरुका पदाधिकारी लगायत सम्बन्धित क्षेत्रका विभिन्न पदाधिकारीहरुको उपस्थितिका बीच सो बेबी वार्मर औपचारिक रुपमा हस्तान्तरण गरिएको हो । साथै, सोही कार्यक्रमका बीच अस्पतालका डाक्टर, नर्स लगायत सम्बन्धित कर्मचारीहरुलाई विज्ञ मार्फत बेबी वार्मर सञ्चालन सम्बन्धी विशेष तालिम पनि प्रदान गरिएको थियो। उपकरण जडानको साथै त्यसको उच्चतम सदुपयोग निश्चित गर्न बैंकले विशेष तालिमको लागि पनि समन्वय गर्दै आएको छ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ ।

संस्थागत सुशासनलाई शिरोपर गरी ग्राहकवर्ग, कर्मचारी, नियामक निकाय, सेयरधनी र समग्र सरोकारवालाको हक हितमा योगदान पुर्याउन ज्योति विकास बैंक सदैव प्रतिबद्ध रहेको छ ।

ज्योति विकास बैंकले हाल १२१ वटा शाखा कार्यालय, ३ वटा विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत सेवा उपलब्ध गराउँदै आईरहेको छ ।

# गरिब, असहाय तथा निमुखा जनतालाई केन्द्रमा राखेर स्वास्थ्य सेवा दिनुपर्छ : राष्ट्रपति पौडेल



चितवन- राष्ट्रपति रामचन्द्र पौडेलले गरिब, असहाय तथा निमुखा जनतालाई केन्द्रमा राखेर स्वास्थ्य सेवा उपलब्ध गराउनेतर्फ अस्पताल तथा स्वास्थ्यकर्मीले ध्यान दिनुपर्ने बताएका छन् ।

बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरको २५औं वार्षिकोत्सव तथा २०औं राष्ट्रिय क्यान्सर सतर्कता दिवसका अवसरमा  यहाँ आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले गरिब तथा असहाय वर्गलाई प्राथकितामा राखेर सेवा उपलब्ध गराउन अस्पताल तथा स्वास्थर्कीसँग अनुरोध गरे ।

“स्वास्थ्य सेवालाई संविधानले मौलिक हकका रुपमा प्रत्याभूत गरेको विदितै छ । यसलाई कार्यान्वयन गर्न गरिब तथा निमुखा जनतालाई केन्द्रमा राखेर स्वास्थ्य सेवा प्रदान गर्नु स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको जिम्मेवारी र दायित्व हो”, राष्ट्रपति पौडेलले भने, “दक्ष जनशक्ति, अत्याधुनिक उपकरण, सहज एवं प्रभावकारी नवीनतम् प्रविधिका माध्यमबाट बिरामीलाई गुणस्तरीय सेवा प्रदान गर्नेतर्फ सरकार र निजी क्षेत्रले ध्यान दिने मैले विश्वास लिएको छु ।”

आवश्यक पूर्वाधार र अत्याधुनिक प्रविधिसँगै चितवन स्वास्थ्य सेवाको केन्द्र (हब)का रुपमा विकास हुन लागेकामा खुसी व्यक्त गर्दै उनले अब उपचारका लागि यसअघि जस्तो राजधानी काठमाडौँ नै धाउनुपर्ने अवस्थाको अन्त्य हुने विश्वास व्यक्त गरे ।

“क्यान्सर रोगको उपचार, रोकथाम तथा नियन्त्रण र अध्ययन अनुसन्धानमा आवश्यक जनशक्ति उत्पादन गर्न तथा अस्पतालको सेवालाई चुस्तदुरुस्त र अन्तर्राष्ट्रियस्तरमा स्तरोन्नति गर्न नेपाल सरकारलाई विशेष ध्यान पुर्‍याउनु आग्रह गर्दछु”, राष्ट्रपति पौडेलले भने ।

क्यान्सर रोगबाट ग्रसित प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले विदेशमा गएर उपचार गर्नुपरेकाले स्वदेशमै यससम्बन्धी रोगको उपचार गर्ने सुविधा सम्पन्न क्यान्सर अस्पतालको परिकल्पना गरेको स्मरण गर्दै उनले २०४९ सालमा तत्कालीन सरकारले लिएको विकेन्द्रीकरणको नीतिलाई कार्यान्वयन गर्ने एक उत्कृष्ट उदाहरणका रुपमा यो अस्पताल निर्माण भएको बताए ।

राष्ट्रपति पौडेलले भरतपुरस्तिथ राष्ट्रियस्तरको अस्पताल क्यान्सर रोगका बिरामीको सेवामा मात्र सीमित नभई अध्ययन, अनुसन्धान र प्रशिक्षणका क्षेत्रमा पनि अगाडि बढेकामा खुसी व्यक्त गर्दै क्यान्सरको उपचारमा नयाँ प्रविधि भित्र्याएर विशिष्टता अभिवृद्धि हासिल गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गरे ।

चीन सरकारको सहयोगमा निर्माण भएको अस्पताल २०५७ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले उद्घाटन गरेका थिए। महामानव बिपी कोइरालाको स्मृतिमा २०४८ सालमा तत्कालीन प्रधानमन्त्री जिरिजाप्रसाद कोइराला र चिनियाँ प्रधानमन्त्री ली फङबीच सम्झौता भई यो अस्पताल स्थापना भएको हो । स्थापनाकालमा १०० शय्या क्षमतासहितको क्यान्सर अस्पताल अहिले ५०० शय्यामा विस्तार भएको छ ।

सो अस्पतालले गत आव २०८०र८१ मा छ हजार ७९५ क्यान्सरका बिरामीसहित एक लाख ८८ हजार ५१४ जनाको उपचार गरेको जनाएको छ ।

# नेपाली अर्थतन्त्र उकास्न एआईको भूमिका महत्वपूर्ण हुने सरोकारवालाको जोड

काठमाडौं- सूचना प्रविधिको युग सुहाउँदो नेपालको विजनेसलाई थप बढाउन आर्टिफिसियल इन्टेलिजेन्सले महत्वपूर्ण भूमिका खेल्ने सरोकारवालाहरूले बताएका छन् ।

काठमाडौंमा सनवे कलेज र नेपाल चेम्बर अफ कमर्सको संयुक्त रुपमा आयोजना गरेको ‘ एआई र डाटा साइन्सस् एआई र डाटा विज्ञानस् डिजिटल युगमा सशक्त बनाउँदै नेपाली व्यवसाय’ प्रदेशस्तरीय कार्यक्रममा बोल्दै सरोकारबालाले यस्तो बताएका हुन् ।

कार्यक्रममा बोल्दै चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले एआई नै अबको विजनेस बढाउने साधन हुने जिकिर गरे । उनले भने, ‘यो डिजिटल दुनियाँमा अब एआईको जसले भरमग्दुर सदुयोग गर्नसक्छ, उसैको विजनेसले फड्को मार्छ। त्यसकारण एआई प्रविधिलाई सदुपयोग गर्नुस् र फाइदा उठाउनुस् ।’

नेपाल चेम्बर अफ कमर्स, आइटी कमिटीका अध्यक्ष विज्ञानराज शर्माले नेपालका शैक्षिक क्षेत्रहरू एआईका रिसर्च र विकास गर्नका लागि ठूलो अवसर बन्न सक्ने बताए । उनले भने, ‘ एआईको रिसर्च र अनुसन्धान गर्नका लागि नेपाली शैक्षिक क्षेत्रलाई ठुलो अवसरको रुपमा आउनेछ ।

यसले प्रविधि र प्रडक्टलाई एकसाथ अगाडि बढ्न थप मद्दत गर्नेछ। साथै व्यापार र लगानी दुवै सुरक्षित बनाउन सहयोग हुनेछ।’ अबको नेपाली अर्थतन्त्रलाई उकास्ने गरी उद्योग र विश्वविद्यालयको खाडल एआईले पूरा गरिदिने क्यान महासंघका महासचिव एव साइबर सेक्युरिटी विज्ञ चिरञ्जीवी अधिकारीको भनाइ छ ।




उनले भने, ‘ भविष्यमा नेपाली अर्थतन्त्रलाई उकास्न र उद्योगहरूलाई चलायनमान बनाउन एआईको भूमिका महत्वपूर्ण हुनेछ जसमा विश्वविद्यालय क्षेत्र पनि संलग्नता हुनेछ। यसले उद्योग र शिक्षालाई आपसमा सँगसँगै लैजान पनि अहम भूमिका एआईले गरिदिनेछ।’ यसले बजार, व्यापार र शिक्षाको लागि उर्वर रर ऊर्जावान बनाउने एआई एउटा महत्वपूर्ण कडीको रुपमा स्थापित हुने अधिकारीको भनाइ छ ।

यस्तै वाइज याकका सहसंस्थापक डा.हेमन्त श्रेष्ठले एआईलाई स्थानीय उद्योगमा कसरी लागू गर्न सकिन्छ भनेर आफ्ना भनेर आफ्ना अनुभवहरू सुनाएका थिए । यस्तै सामाजिक सुरक्षा कोषका निर्देशक डा. रोशन कोजुले डेटा साइन्सले सरकारलाई दिने दीर्घकालीन सेवा र फाइदाका बारेमा अनुभवहरू साटेका थिए ।

काठमाडौं विश्वविद्यालयका सहायक प्राध्यापक डा.मनोज शाक्यले शैक्षिक क्षेत्र अब एआईका कारण खोज र अनुसन्धानमा लागेर उद्योगलाई सघाउन सक्ने अवसरको रुपमा परिवर्तन हुन सक्ने बताए ।

खल्तीका सीईओ विनय खड्काले भने एआईले नेपाली विजनेसलाई सजिलैसँग माथि उठाउन मद्दत गर्ने दाबी गरे । उनले यसको लागि खल्ती प्लेटफर्म नै अहिलेको महत्वपूर्ण पेमेण्डको रुपमा स्थापित भइरहेको पनि बताए ।

सन् २०१० मा स्थिना भएको सनवे कलेजले ४ वर्षे एआई र डेटा साइन्सको कोर्ष बेलायतको बर्मिङगन युनिभर्सिटीको सहकार्यमा अध्यापन गराउँदै आएको छ । जसमा एक वर्ष पेशागत सुरक्षा र उद्योग र शैक्षिक क्षेत्रको खाडललाई पुर्ने लक्ष्य रहेको छ ।

## खेलकुद

# रग्बी सेभेन्सलाई दुवै नेपाली टोली घोषणा



काठमाडौँ – त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा यसै साता हुने एसिया रग्बी सेभेन्स ट्रफीका लागि नेपाल रग्बी संघले नेपाली टोली घोषणा गरेको छ ।  एसिया रग्बीको आयोजना र नेपाल रग्बी संघको व्यवस्थापनमा असोज १८ र १९ गते हुने प्रतियोगितालाई महिला र पुरुष टोली घोषणा गरिएको संघका महासचिव गोविन्द घिमिरेले जनाएका छन् ।

महिलातर्फ आशा कुसार, पुनम भुजेल श्रेष्ठ, सुस्मिता क्षेत्री, अनु शेर्पा, विषाखा मार्किन राई, रोजिना पोखरेल, विनिता शाही ठकुरी, सुजा राई, मनीषा थापा मगर, कमला राई र सिर्जना राई छन् । संगिता घिसिङ, सावित्री पुर्जा, सिर्जना छन्त्याल र अप्सरा कार्कीलाई वैकल्पिकमा राखिएको छ ।

पुरुषतर्फ विवेश बासु, सविन महत, क्याल्भिन जोशी, विराट श्रेष्ठ, यदु अधिकारी, निरोज कार्की, विक्रम पुरी, नवीनबहादुर मगर, गणेश बानियाँ, रोहन डंगोल, विजय खड्का र कपिल ठकुरी छन् । विनोदबहादुर शाही, एम. सुनार, सञ्जय अधिकारी र प्रमेश चौधरी वैकल्पिकमा छन् ।

प्रतियोगितामा एसियाका १७ राष्ट्रले प्रतिस्पर्धा गर्नेछन् । नेपालमा एसियाली स्तरको सिनियर रग्बी प्रतियोगिता पहिलोपल्ट हुन लागेको हो । यस प्रतियोगिताका लागि नेपाली महिला तथा पुरुष टोलीले पछिल्लो तीन महिनादेखि पोखरामा तयारी गरिरहेको छ । एसिया रग्बी सेभेन्स २०२५ मा हुने एसिया रग्बी सेभेन्स सिरिजको छनोटका रूपमा रहेको संघले जनाएको छ ।

नेपाल रग्बी संघ र एनएफजेएफ एकेडेमीको संयुक्त आयोजनामा रग्बी सेभेन्स ट्रफीको पूर्वसन्ध्यामा रग्बीको नो योर गेम्स कार्यशाला सोमबार आयोजना गरियो ।

राष्ट्रिय खेलकुद परिषद्की सदस्य अञ्जना मास्के, रग्बी संघका अध्यक्ष दीपक देवकोटा, वरिष्ठ उपाध्यक्ष चेतनराज गिरी, महासचिव गोविन्द घिमिरे, एकेडेमीका संयोजक निरन्जन राजवंशीलगायतले रग्बीको खेल र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए ।

कार्यक्रमको मुख्य उद्देश्य खेल पत्रकारहरूलाई रग्बी खेलबारे थप जानकारी दिनु आयोजकले जनाएको छ । कार्यक्रममा ३० खेल पत्रकारको सहभागिता थियो ।

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८१ को अवसरमा सम्पुर्ण देश–विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

रामचन्द्र ढकाल
समाजसेवी तथा ७ वडा समिति सदस्य
नेपाली काँग्रेस कामनपा

खाँडादेवी गाउँपालिका
माकादुम, रामेछाप
बागमति प्रदेश

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

अध्यक्ष
ज्ञानकुमार श्रेष्ठ

उपाध्यक्ष
रमा घिसिङ

प्रमुख प्रशासकीय अधिकृत
पदम बहादुर बस्नेत

उमाकुण्ड गाउँपालिका
च्यादलु, रामेछाप
बागमति प्रदेश

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

अध्यक्ष
शेर बहादुर सुनुवार

उपाध्यक्ष
सावित्री सुनुवार

प्रमुख प्रशासकीय अधिकृत
चन्द्र लामा

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १०, २०८१ साल असोज १५ गते मंगलबार (Oct 1, 2024)

पृष्ठ १ बाट जारी

## नेपाल इन्जिनियरिङ...

थियो । पछि सन् १९९७ मा पोखरा विश्वविद्यालय सञ्चालनमा आएसँगै कलेजले त्यहाँबाट सम्बन्धन लिएको हो । नेकको शैक्षिक स्तर अन्तराष्ट्रियस्तरको बनाउन, इन्जिनियरिङ विधाका विविध विषयहरु सञ्चालन गर्नकालागि कलेज पोखरा विश्वविद्यालयसँग जोडिएको थियो । तथापि, पोखरा विश्वविद्यालयकै पाठ्यक्रम निर्माण गर्न त्यसबेला नेकमा कार्यरत प्राध्यापकहरुले योगदान पुर्याएका थिए ।

स्थापनाका केही समय सामान्य ढङ्गले कलेज सञ्चालन भएपनि क्वालिटी एजुकेशनका कारण विस्तारै विद्यार्थीहरुको आकर्षण बढेको थियो । नेपालमा प्रर्याप्त इन्जिनियरिङ कलेज नहुँदा धेरै विद्यार्थीहरु इण्डियाका बेङ्लोर, देहरादुर जस्ता शहरमा गएर इन्जिनियरिङ अध्ययन गर्ने गर्दथे । नेकको स्थापनाको एकाध वर्षपछि अन्य इन्जिनियरिङ कलेजहरु पनि सञ्चालनमा आए । फलस्वरुप सन् २००० यता अन्य इन्जिनियरिङ कलेजहरु पनि स्थापना भएपछि हाल सात वटा विश्वविद्यालय अन्तरगत ५० वटा भन्दाबढी इन्जिनियरिङ कलेजहरु सञ्चालनमा छन् ।

नेपाल इन्जिनियरिङ कलेजमा स्नातक तथा स्नातकोत्तर तहको अध्ययन अध्यापन हुने गरेको छ । स्नातक तहमा कलेजले सात वटा र स्नातकोत्तर तहमा ४ वटा विषयको अध्ययन अध्यापन हुने गरेको छ। कलेजले स्नातक तहमा सिभिल इन्जिनियरिङ, सिभिल एण्ड रुलर, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन, कम्प्युटर, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स र सिभिल फर डिप्लोमा होल्डर्स कोर्ष तथा आर्किटेक्ट सञ्चालन गरेको छ। स्नातकोत्तर तहमा निर्माण व्यवस्थापन, प्राकृतिक संसाधन व्यवस्थापन, अन्तरविषय जल संसाधन व्यवस्थापन र यातायात इन्जिनियरिङ् व्यवस्थापन विषयको अध्यापन गराउँदै आएको छ ।

शहरी कोलाहलबाट टाढा शान्त तथा हरियाली वातावरणमा करिब २ सय १० क्षेत्रफलमा भौतिक पूर्वाधार निर्माण गरी सञ्चालित कलेजले विद्यार्थीहरुको सिकाईको लागि अधिकतम शिक्षण विधि अपनाउँदै आइरहेको छ । कलेजमा हाल १२३ जना पूर्णकालिन शिक्षक शिक्षिका रहेका छन् । नेक मात्र यस्तो कलेज हो जसले पूर्णकालिन शिक्षक शिक्षिकाहरुको व्यवस्थापन गरेको छ। आधुनिक पुस्तकालय, विषयगत प्रयोगशाला, आफ्नै मिनी हाइड्रोप्लान्ट उपलब्ध छ।

मुनाफारहित सामाजिक शैक्षिक संस्था भएकाले कलेजले अधिकतम विद्यार्थीहरुलाई छात्रवृत्ति दिने गरेको छ। पोखरा विश्वविद्यालयले दिने छाज्ञवृत्तिसँगै कलेजले हरेक वर्ष स्थानीय तह छाज्ञवृत्ति, प्रादेशिक छात्रवृत्ति, प्रवेश परीक्षा टपर छात्रवृत्ति, सेमेस्टर टपर छात्रवृत्तिहरु प्रदान गर्दै आइरहेको कलेजका मिडिया रिलेसन अफिसर आशिषकुमार झा बताउनु हुन्छ । कलेजले वार्षिक रुपमा करिब १५ करोड बराबरको छात्रवृत्ति दिँदै आएको छ । यसका अलावा कलेजले विद्यार्थीहरुलाई अन्तराष्ट्रिय रुपमा एक्सपोज गर्नकालागि युरोप, जापान लगायतका प्रतिष्ठित कलेजहरुसँग सहकार्य गर्दै आइरहेको छ । यहाँ अध्ययन गर्दागर्दै विद्यार्थीहरु फुल स्कलरसिपमा विदेशी विश्वविद्यालयमा गएर इर्न्टन गर्न पाउँछन् ।

पछिल्लो समय कलेज शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगत गठित सञ्चालक समिति मार्फत सञ्चालनमा छ । तत्कालिन कलेज सञ्चालक समितिहरु विचको विवादले कलेजमा समस्या पैदा भएपछि सरकारले मन्त्रालयमार्फत समिति गठन गरेर कलेज सञ्चालन भइरहेको छ। हाल कलेजमा स्नातक तथा स्नातकोत्तरमा करिब दुई हजार विद्यार्थी अध्ययनरत रहेका छन् ।

३० औं वार्षिकोत्सवको अवसरमा एक कार्यक्रम गरी कलेजमा २० वर्षदेखि कार्यरत कर्मचारीहरुलाई सम्मान समेत गरेको छ ।

पृष्ठ १ बाट जारी

## निर्माण व्यवसायी...

निर्माण व्यवसायीहरूलाई राज्यले ठूलो रकम भुक्तानी गर्न बाँकी रहेको अवस्थामा समेत हाल विना बजेटका टेण्डर आह्वान भएबाट निर्माण उद्योगमा अझ प्रतिकूल अवस्था उत्पन्न भएको अध्यक्ष सिंहले बताए।

यसरी समयमा रकम भुक्तानी नहुँदा व्यवसायीहरूले बैंक ऋण किस्ता तथा राज्यलाई बुझाउनु पर्ने करको रकम समेत बुझाउन नसकी समग्रमा निर्माण आपूर्ति चक्र नै अस्तव्यस्त भई निर्माणसँग सम्बन्धित उद्योगहरु नै बन्द हुने भयावह स्थिति रहेको महासंघले जनाएको छ ।

भुक्तानी नपाएर आक्रान्त भएका व्यवसायीहरूले स्वत: स्फूर्त रुपमै राजमार्गमा निर्माण उपकरण सहित धर्ना दिने, नियोक्तासँग मुठभेड गर्ने जस्ता अप्रिय घटनाहरू हुन थालिसकेको महासंघको भनाइ छ ।

राजनीतिक नेतृत्वले हचुवाका भरमा आयोजनाहरू ल्याउँदा निर्माण उद्योगमा समस्या थपिदै गएको महासंघ अध्यक्ष सिंहले पत्रकार सम्मेलनमा बताए । राज्यले टेण्डर निकालिसकेपछि त्यसमा सहभागी हुने दायित्व निर्माण व्यवसायीको भएको भन्दै अध्यक्ष सिंहले त्यस्ता आयोजनामा स्रोत सुनिश्चितताको जिम्मा राज्यकै हुने बताए ।

राज्यसँग अहिले ६ खर्ब भन्दा बढीका आयोजना भएपनि स्रोत सुनिश्चितता नभएको अध्यक्ष सिंहले जानकारी दिए ।

'एकातर्फ नियोक्ताले भुक्तानी दिन नसक्ने, साइट उपलब्ध नगराउने र अर्कोतर्फ सोही ठेक्काहरुलाई लिएर दिनहुँ निर्माण व्यवसायीहरूलाई कालो सूचीमा राख्ने, ठेक्का तोड्ने सूचना जारी गर्ने, बैंक जमानत जफत गरी व्यवसायीहरूलाई आतंकित पार्ने जस्ता कार्यले निर्माण उद्योगमाथि राज्यको 'निर्मम' व्यवहार देखिएको छ' महासंघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

समग्रमा सरकारी निकायको समन्वय अभाव तथा कार्य सम्पादनमा हुने कमी कमजोरी कै कारण परियोजना रुग्ण भई निर्माण व्यवसायीहरूमात्र प्रताडित हुने परिपाटीले निर्माण उद्योग आक्रान्त भएको महासंघको दाबी छ ।

राज्यले निर्माण व्यवसायीहरूको रकम भुक्तान गर्न नसक्ने हो भने सम्बन्धित् आयोजनाहरूलाई रुग्ण आयोजनामा समावेश गरी सार्वजनिक खरिद ऐन बमोजिम त्यस्ता आयोजनालाई सुविस्ताको आधारमा अन्त्य गर्दै फरफारकको व्यवस्था हुनुपर्ने माग महासंघले राखेको छ ।

महासंघले आफ्ना पछिल्ला माग समेट्दै कार्यवाहक प्रधानमन्त्री, मन्त्री लगायतलाई ज्ञापन पत्र बुझाइएको र अब पनि माग पूरा नभए आन्दोलनमा जानुको विकल्प नभएको जानकारी दिएको छ ।

म्याद थप व्यवसायीका कारण नभई राज्यकै कारण हुने भन्दै अध्यक्ष सिंहले म्याद थप हुँदा निर्माण व्यवसायीमाथि नै आर्थिक व्ययभार बढ्ने दाबी गरे ।

पत्रकार सम्मेलनमा आफ्नो धारणा राख्दै महासंघका वरिष्ठ उपाध्यक्ष आङ दोर्जी लामा (ए.डी) ले भुक्तानीको समस्याले विकराल रुप लिइसकेकाले समस्या समाधान हुने गरी ठोस पहल गरिदिन सञ्चार माध्यम समक्ष आग्रह गरेका छन ।

महासंघका एशोसिएट उपाध्यक्ष रामजी पन्त 'मुकेश' ले सरकार निर्माण व्यवसायीहरूलाई भुलभुलैयामा राखी आफ्नो कर्तव्यबाट विमूख हुँदै गएको टिप्पणी गरेका थोए ।

महासंघका नीतिगत उपमहासचिव शिवहरि घिमिरले मुलुकमा दुई ठूला मुख्य दलको संलग्नतामा सरकार बन्दा समेत निर्माण व्यवसायीहरूको समस्या समाधान नहुनु बिडम्बना भएको बताए। व्यवसायीहरूको ठूलो रकम भुक्तानी नहुँदा समग्र अर्थतन्त्रमै नकारात्मक प्रभाव परेको महासंघका प्रवक्ता समेत रहेका उपमहासचिव घिमिरेले बताए ।

पृष्ठ १ बाट जारी

## भीषण बर्षा...

बिषयहरु पोष्ट गरिरहेका छन् । यो अत्यन्तै दुख:द विषय भएको छ । संकटको वेला दलगत आस्था, बिमत्ति सवै बिर्सेर मानवता पहिलो हो भन्ने भावना सवैमा हुनुपर्छ । केही समूहहरुले यस्तो सदभाव, एकता मानवीयता विर्सेको भान समेत हुन थालेको छ । यो राम्रो कुरा होइन यो समस्या अहिलेका युवा पुस्तालाई कस्तो खालको शिक्षा दिईरहेका छौ । भन्ने प्रश्न उठन थालेको छ ।

कुनैपनि दातृ निकायले नेपालको बढी पैरो पीडितको लागि सहयोग गरेनन्

नेपाल तहस नहस नै हुनेगरी गएको बाढी, पैरो पीडितको लागि कुनै पनि धनी राष्ट्रहरुले अहिलेसम्म होस्टेमा हैसे गरेका छैनन् । पछिल्लो समय नेपालको कुटनैतिक अवस्था पनि खस्कदै गएको यस घटनाले देखाउछ ।

नेपालले अठोट गर्नुपर्छ

देशमा भईपरि आउने अनेका खालका बिपत्तलाई सामना गर्न अग्रीम तयारीहरु गर्नुपर्ने हुन्छ । कतिपय बिगतमा प्रयास पनि भएका छन् । तर प्रभावकारी हुन सकेका छैनन् । यस्ता विषयलाई पाठको रुपमा लिएर नेपाल जस्तोसुकै संकट पनि सामना गर्न सक्छ भन्ने अठोटका साथ योजनाहरु बनाई कार्यन्वयन गर्नुपर्छ ।

सधै अरुको मुख ताकेर र अरुको भरोशावाट दिर्घकालीन निकास आउदैन । त्यसैले नेपाल देशका नेपालीहरुसँग सवै खालका दक्षताहरु छन् । त्यसलाई सरकारको व्यवस्थापन पक्ष सुधारेर राष्ट्रका लागि सदुपयोग गर्न सकिन्छ ।

बिगतको २०७२ सालको महाभूकम्प, २०७६ सालको कोभिट महामारी, कहिले जुरेको पैरो, कहिले मेलम्चीको बढी, कहिले कृष्ण भीरको पैरो, कहिले दोरम्बाको पैरो यस्ता अनेकौ बिपत्तिहरु सामना गरको नेपालले ति घटनाहरुबाट पाठ सिकेकै छन् । यस २०८२ साल असोज १२ गते बाढीको बितण्डावाट थप पाठ सिकेर काम गर्न जरुरी छ। नकि अरुलाई आरोप बस्ने होइन । आफुले जानेको सीप, क्षमता, दक्षता देखाएर यतिवेला मानवीय उद्धार गर्ने समय हो । सवैको ध्यान यतापर्टी जानुपर्छ ।


हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८१ को अवसरमा सम्पुर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।



दमोदर ढकाल: (दिपक)
साहित्यकार तथा समाजसेवी



लिखु तामाकोशी गाउँपालिका

धोवी, रामेछाप
बागमति प्रदेश

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

अध्यक्ष — केशव महत
उपाध्यक्ष — दिपा पाखिन
प्रमुख प्रशासकीय अधिकृत — धनेन्द्र भुजेल



हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८१ को अवसरमा सम्पुर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

N M A

नेपाल पर्वता रोहण संघ



दोरम्बा शैलुङ गाउँपालिका

रामेछाप
बागमति प्रदेश

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

अध्यक्ष — मैन कुमार मोक्तान
उपाध्यक्ष — खमला थापामगर
प्रमुख प्रशासकीय अधिकृत — नरेश महतो



हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८१ को अवसरमा सम्पुर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

हेमन्त सेरचन
अध्यक्ष
सिटी मेट्रो यातायात प्रा.लि. परिवार

# युवराज र इन्दिराको 'चन्चली नानी' सार्वजनिक



काठमाडौं- नेपाल सिङगिङ आइडलका बिजेता युवराज कार्की र इन्दिरा खड्काको आवाजमा रोमान्टिक लभ स्टोरी गीत "चन्चली नानी" सार्वजनिक भएको छ ।

उक्त गीतको शब्द, संगीत युवराज कार्कीको रहेको छ भने गीतमा इन्दिरा खड्का र युवराज कार्की स्वयमले मिठासपूर्ण आवाज दिएकाछन् । गीत केही दिन अघि युवराज अफिसियल युटुब च्यानलबाट सार्वजनिक गरिएको छ र गीतको भिडियोमा पनि युवारज र इन्दिरालाई देख्न सकिन्छ ।

रामेछाप जिल्ला गोकुलगंगा गाउँपालिका नमाडिमा जन्मेकी इन्दिरा खड्का र रामेछापको बेतालीमा जन्मेका युवराज कार्कीको यो रोमान्टिक लभ स्टोरी गीत प्रेमी जोडिहरुले निकै रुचाएकाछन् ।

# 'हामी साना नानी' बाल गीतको लोकार्पण




काठमाडौं- बिजेन्द्र नौवागेको शब्द, सङ्गीत र भिडियो निर्देशन,गायक प्रबिन राई र बाल गायिका मन्जली तामाङको आबाज रहेको शैक्षिक बाल गित "हामी साना नानी" बोलको गीत लोकार्पण साथै भिडियो प्रदर्शन सम्पन्न भएको छ ।

कपन गोल्डेन पिक हाई स्कुलको प्राङ्गणमा गोल्डेन पिक हाई स्कुलका प्रधानध्यापक क्षत्र मान राईको अध्यक्षतामा पुर्व सस्कृती,पर्यटन तथा नागरिक उडयन राज्यमन्त्री पर्शुराम वाईबा तामाङको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमको अतिथिमा नायक शितल के.सि. गीतकार तथा सङ्गितकार मोहन घिसिङ, गीतकार तथा सङ्गितकार सरोज लामा, गोल्डेन पिक हाई स्कुलका सहायक प्रधानध्यापक भानदेब कपाडि, मोडल कलाकार राज गजमेर लगायतको उपस्थिति रहेको थियो । कार्यक्रम सन्चालन कार्यक्रम आयोजक बिजेन्द्र नौबागेले गरेका थिए ।

विद्यालयको शिक्षक शिक्षिका विद्यार्थीहरुको बाक्लो उपस्थितिमा गीतको म्युजिक भिडियोमा सहकार्य गरेका कलाकार,सर्जक हरुलाई समेत प्रमुख अतिथिको हातबाट सम्मान गरिएको थियो ।

छायांकार प्रेम लामा, भिडियो सम्पादक प्रेम शर्मा पौडेल, गायक प्रबिन राई, गायिका मन्जली तामाङ, कोरियोग्राफर दिपेस एस.के., नृत्यज्ञान,आरिया शाही सहितको टिम सम्मानित भएका थिए ।

नायक सितल के.सि. भानदेब कपाडि लगायतका अतिथीहरुले "गीत जीवन हो सङ्गीत हाम्ले फेर्ने सास हो यो बिना हामी मानव जीवन जिउन पनि गारो छ "भन्दै शुभकामना व्यक्त गरे भने प्रमुख अतिथि तामाङले गित सङ्गीत जिवनको रेल हो कलाकार देशको सम्पती हो कला सस्कृती संरक्षण सम्बर्द्धन र श्रीवृद्धिमा कलाकार सर्जकले पुर्याएको योगदानको समेत प्रसंसा समेत गरे भने कलाकार बिदेशिने क्रम बड्दो भएको र यस्ता प्रतिभा र शक्तिलाई र ाज्यले रोक्नु पर्ने र सरकारले उचित ब्यबस्था गर्नु पर्नेमा पनि जोड दिए ।

शुभकामना मनतब्यको क्रममा यो बिद्यार्थी र शिक्षक बिचको अन्तर कथामा तयार पारिएको यो स्कुल गीत अहिलेको समय सापेक्ष र आवस्यकता अनुसारको गीत भएको हुदा, यहि गितको म्युजिक अनुसार पनि बिद्यार्थीहरुलाई पठन पाठनको लागि पनि प्रयोग हुनेहुनाले अत्यन्त राम्रो गीत ल्याएकोमा निर्माण पक्षलाई आभार व्यक्त गरिएको थियो ।

कार्यक्रमका शभापति विद्यालयका प्रधानध्यापक क्षत्रमान राईले कार्यक्रम सफल भएको र गीतले समय अनुसार र बिद्यार्थीहरुको मर्मस्पर्सी रहेको हुदा यो गीत अत्यन्त रुचाईएको भन्दै सफलताको शुभकामना व्यक्त गर्दै कार्यक्रम समापन गरेका थिए ।

# भरोसा



## तिला लेकाली

रचनाकाल : २०७८/०७/०२

सबै सबैको आक्रमण
तगारो, झटारो र धारे हातहरु
बिर्सेर सम्झिरहेथैं तिमीलाई
मात्र तिमीलाई ।

हरेक विसौनीमा
एक सर्को सास फेर्न के पाउथैं
निम्रै निगाहको आसा र भरोसामा हुन्थैं
तिम्रै विश्वासमा हुन्थैं
र जाँगर पस्केर लगाउथैं अन्नबालीहरु
रहरहरु रोपेर लहलह बनाउथैं ।

दुर्भाग्य !
बेइमान समयले बगाइदियो
अब रहेन त्यही बाँकी रहेको
तिम्रो एक झिल्को विश्वास
र भरोसा पनि ।

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८१ को अवसरमा सम्पूर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।



दुर्गा अधिकारी (भमरकोटे)
अध्यक्ष, सुसेलि फाउण्डेसन

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८१ को अवसरमा सम्पूर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

हेमन्त शेरचन
अध्यक्ष
सिटी मेट्रो यातायात प्रा.लि.
टोखा-४, बसुनधारा

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८१ को अवसरमा सम्पूर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।



रत्न प्रसाद गौतम
अध्यक्ष
खानी निर्माण सेवा प्रा.लि.

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८१ को अवसरमा सम्पूर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।



रुद्र न्यौपाने
अध्यक्ष
फुटवेयर म्यानुफ्याचर्स एशोसिएसन अफ नेपाल

डेंगीका लक्षणहरु

डेंगीका लक्षणहरू:

- एक्कासी ज्वरो आउनु,
- ५-७ दिनसम्म ज्वरो रहनु,
- बेस्सरी टाउको दुख्नु,
- आँखाको गेडी दुख्नु,
- हाडजोर्नी, मांशपेसी र ढाड दुख्नु,
- शरीरमा बिबिरा आउनु,
- रिङ्गटा लाग्नु,
- वाक्वाकी लाग्नु, बान्ता हुनु,

यस्ता लक्षणहरु देखिएमा तत्काल स्वास्थ्यकर्मीसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुनापति गाउँपालिका
हिलेदेबी, रामेछाप
बागमति प्रदेश

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
| --- | --- | --- |
| ठुलो कान्छा तामाङ | गिता बिष्ट चौलागाईं | दिलकृष्ण श्रेष्ठ |

गोकुलगंगा गाउँपालिका
रस्नालु, रामेछाप
बागमति प्रदेश

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
| --- | --- | --- |
| काजी बहादुर खड्का | उषा देवी कार्की | उमेश कुमार यादब |

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १०, २०८१ साल असोज १५ गते मंगलबार (Oct 1, 2024)

# शेयर धितो कर्जा लिन मिल्ने




काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडले फास्ट लोन अगेन्स्ट शेयर प्लेटफर्म सार्वजनिक गरेको छ । यसअन्तर्गत इच्छुक महानुभावहरुले अनलाइनबाट सेयर धितो कर्जाको लागि आवेदन दिन सक्नेछन् ।

बैंकले सार्वजनिक गरेको यस डिजिटल प्लेटफर्ममार्फत ग्राहकहरूले आफूसँग भएको सेयरहरू धितो राखी सरल प्रकृयाबाट सेयर धितो कर्जा प्राप्त गर्न सक्नेछन् । ग्राहकहरूले अनलाइनबाट यो प्लेटफर्म प्रयोग गरी कर्जाको आवेदन दिन र आवश्यक कागजातहरू बुझाउन सक्नेछन् ।

यस प्रकृयामा अनलाइन आवेदन पूरा गरेपछि आवेदकले निवेदनको अवस्थाको बारेमा आफैंले जानकारी लिन समेत सक्नेछन् । यो सेयर धितो कर्जाको सीमा हालका लागि न्यूनतम रु. ५ लाखदेखि अधिकतम रु. २५ लाखसम्म तोकिएको छ । यो कर्जाको निमित्त धितोको रुपमा स्वीकार गरिने सेयरहरू निवेदक स्वयम्को हुनु पर्नेछ, निवेदक बाहेक अन्य व्यक्तिको सेयरहरू धितोको रुपमा स्वीकार गरिने छैन ।

यो सुविधा बैंकले हालसालै सार्वजनिक गरेको डिजिटल युनिभर्समा पनि उपलब्ध छ । ग्लोबल आइएमई बैंक युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै, ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा समेत ग्लोबल आइएमई बैंक सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका ७७ वटै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्र रहेका छन ।

ग्लोबल आइएमई बैंक, सबैका लागि बैंकिङ्ग सेवा प्रदान गर्ने बैंक हो जसले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना समस्त ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

# "Nepal – Demystifying Path to Prosperity" नामक एक दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन हुँदै

नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ
ACAN THE ASSOCIATION OF CHARTERED ACCOUNTANTS OF NEPAL
NEPAL-DEMYSTIFYING PATH TO PROSPERITY

काठमाडौं- नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको प्राविधिक सहकार्य तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघको आयोजनामा "ल्भउबण् -म्भ्थकतषथ्लन एबतज तय एचयकउभचष्तथ" नामक एक दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन हुने भएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयविज्ञ, अग्रज व्यक्तित्व तथा लगानीकर्ताहरूको उपस्थितीमा यहि मिति २०८१ असोज ११ गते काठमाडौं मेरियट होटलमा उक्त कार्यक्रम सञ्चालन हुने भएको हो ।

उक्त कार्यक्रमबाट नेपालमा वैदशिक लगानी प्रोत्साहन हुने तथा सो सम्बन्धी बहुआयामिक विषयहरूमा विभिन्न सरोकारवालाहरूको छलफलबाट देशमा लगानीको वातावरणमा सुधार हुने र लगानी व्यवस्थापन कार्यमा समेत थप टेवा पुग्ने विश्वास नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेडले लिएको छ ।

नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड नेपाल एसबिआई बैंक लिमिटेडको पूर्ण स्वामित्व भएको सहायक कम्पनी हो । नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेडले भारतको एसबिआई क्यापिटल मार्केट्स लिमिटेड (एसबिआईक्याप्स) सँग संस्थागत परामर्श सेवाका लागि प्राविधिक सहकार्य समेत गरिरहेको छ ।

यस संस्थाले नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त गरी लगानी ब्यबस्थापन सेवा, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सेवा, धितोपत्र खरिद प्रत्याभुति सेवा, हितग्राही खाता सञ्चालन सम्बन्धी सेवा, संस्थागत परामर्श सम्बन्धी सेवा तथा शेयर रजिष्ट्रार सम्बन्धि सेवा प्रदान गर्दै आइरहेको छ ।

# बजाजको ग्रान्ड कार्निभल




काठमाडौं- नेपालको लागि बजाज मोटरसाइकलको आधिकारिक वितरक एवम बिक्रेता हंसराज हुलासचन्द एण्ड कम्पनीले ग्रान्ड कार्निभल ल्याएको छ ।

नेपालीहरुको महान चाड विजयादशमी, तथा दीपावलीको अवसर पारेर बजाजले २०८१ असोज ७ देखि १२ सम्म भृकुटीमण्डपमा कार्निभलको आयोजना गरेको थियो ।

उक्त ग्रान्ड कार्निभल अन्तर्गत ग्राहकहरुले १८ भन्दा बढी भ्यालुएटर्सबाट ग्यारेन्टीको साथ् सर्वाधिक भ्यालुएसन पाएका छन् । साथै सफारी क्यास अफर, तत्काल वित्तीय सुविधा हुनुको साथै हरेक दिन एक भाग्यशाली विजेताले लक्की ड्र मार्फत १० तोला चाँदी जित्ने मौका पाउन पाएका थिए ।

यस ग्रान्ड कार्निभलमा ग्राहकहरुले आफ्नो पुरानो मोटरसाइकलसँग नयाँ बजाज बाईक खरिद र साटासाट गर्ने सुविधा पनि लिएका छन् । कार्निभल यही असोज ७ देखी १२ गतेसम्म काठमाडौंको भृकुटीमन्डपमा चलेको थियो । बजाज नेपालको सबैभन्दा बढी विक्री हुने बाइक हो ।







# हार्दिक शुभकामना


नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८१ को अवसरमा सम्पूर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।



नेपाल हिमालय सिमापार बाणिज्य संघ
अध्यक्ष
रामहरि कार्की

# हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी,दिपावली,
नेपाल सम्वत् र छठ २०८१ को अवसरमा
सम्पुर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई
तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।



प्रबन्धक
प्रथम शीत इश्वर कृष्ण बहादुर के.सी
मो.नं. ९८४१३४१२६४

अध्यक्ष
रत्न प्रसाद श्रेष्ठ
मो.न.९८५१०८७६०५



तथा

समस्त गोंगबु भैरब बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार
सान्ति समाज टोल, टोखा-९, काठमाडौं
E–mail– gongabubhairab@gmail.com , फो.न. ०१-४९६५७९४

# हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८१ को अवसरमा सम्पूर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।



दुर्गा अधिकारी (भमरकोटे)
सुसेलि प्रर्बधक, तथा अध्यक्ष सुसेलि फाउण्डेसन परिवार

# सभ्य रुपमा चाडपर्व मनाऔं

- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार